# मिथ्या खबर किन फैलिन्छ?

## उद्देश्यहरू:

- सहभागीलाई प्रविधिको विकाससंगै मिथ्या र मिथ्या समाचारमा भएको क्रमिक विकाससंग परिचित गराउने
- सहभागीलाई मिथ्या खबरलाई बुझ्न चाहिने उपयुक्त सोच्ने सीप विकास गर्न मद्दत गर्ने
- सहभागीलाई मिथ्या खबरहरू फैलाउनु पछाडिका कारणहरूसंग परिचित गराउने

## कार्यशाला अघि:

- प्रस्तुत गर्ने स्लाईड खोल्नुहोस्

- तलका कर्यपत्रहरुलाई सन्दर्भका लागि तयार गर्ने
  - मिथ्या खबर १
  - दुस्प्रचारका घटनाहरु
  - मिथ्या खबर २
  - मैले सोच्ने गर्दथें.....र मैले अहिले सोच्छु....

## सहजकर्ताका लागी नोट:

- यो कार्यशाला संचालन गर्न सहजकर्तासँग  निश्चित स्तरको सिकाई सम्बन्धित सामग्रीको ज्ञान हुन आवश्यक पर्दछ। कृपया कुनै पनि अपरिचित विषयवस्तु भेट्नु भएमा, त्यस सम्बन्धि जानकारीको लागी यस डिजिटल टुलकिटको  "***theme 1: Finding and Consuming Digital Contents***"मा हेर्नुहोस्।

## कार्यतालिका:

| खण्ड | उद्देश्यहरू | विवरण |
|---|---|---|
| २ साँचो र १ झूठ<br><br>१५/१५  मिनेट | सहभागीलाई मिरोसंग परिचित गराउने<br><br>सहभागीलाई एउटा रमाइलो | सहजकर्ताको परिचय दिनुहोस, र सहभागीलाई स्वागत गरी कार्यशालाको छोटो विवरण दिनुहोस्।<br><br>सहभागीहरुलाई सूचित गर्नुहोस् कि हामी एक रमाईलो गतिविधि २ साँचो र १ झूठ सँग शुरू गर्नेछौं। कार्यशाला मिथ्याका बारेमा भएकाले यो एनरजाइजर यहाँ राम्रो संग फिट हुन्छ। |

| | | |
|---|---|---|
| | क्रियाकलापमा संगै काम गर्न लगाउने | यस गतिविधिका लागी नियमहरु छन्:<br>● एक सहभागीले आफ्नो बारेमा ३ वक्तव्य दिन्छन्। ती मध्ये दुई साँचो र एक झूठ हुनुपर्छ।<br>● तयार भएपछी सहभागीले आफ्ना तीनवटा बयान सबैका माझ साझा गर्छन्।<br>● बाँकी सहभागीहरु झूठो वक्तव्य पत्ता लगाउनका लागी प्रयास गर्छन।<br><br>सबैलाई आफ्ना वक्तव्य तयार गर्न एक मिनेट दिनुहोस्।<br><br>त्यसपछि ४-५ व्यक्तीको समूहमा सहभागीहरुलाई वितरण गर्नुहोस्। प्रत्येक सहभागीले आफ्नो समूहको सदस्यहरु सँग आफ्ना ३ वक्तव्य साझा गर्छन्।   अरु सहभागीहरुले उनीहरु झूठो वक्तव्य पत्ता लगाउन कोशिश गर्छन्। सबैले आफ्नो पालोमा वक्तव्य साझा गरेपछि गतिविधि समाप्त हुन्छ। |
| मिथ्या खबरको परिचय<br><br>१०/ २५ मिनेट | सहभागीलाई मिथ्या खबर र अहिलेको समयमा त्यसको परिमाणको बारेमा सोच्न लगाउने | सोध्नुहोस् - मिथ्या खबर भन्नाले के बुझ्नुहुन्छ? आजको मिथ्या खबर २० वर्ष अघिको मिथ्या खबरभन्दा कसरी फरक छ?<br><br>अगाडिको प्रश्नमा जस्तै फेरी सहभागीको उत्तरहरू लिनुहोस्। अर्को खण्डमा बध्नुअघि तलका कुरामा जोड दिनुहोस्:<br>● मिथ्या खबर भनेको नियोजित रुपले फैलाइएको गलत समाचार हो। एसपछाडीको नियत कस्तो हुनसक्छ-हामी आजको कार्यशालामा खोज्नेछौं।<br>● प्रविधि, विशेष गरी इन्टरनेटको विकासले जसलाई पनि खबर र मिथ्या खबर बनाउन र फैलाउन सक्ने बनाएको छ। |
| मिथ्या समाचारको विश्लेषण<br><br>१५/४० मिनेट | सहभागीलाई मिथ्या समाचारका घटनाको अध्ययन गर्न लगाउने<br><br>सहभागीलाई ती खबरलाई प्रेरित गर्ने कुराहरू सोच्न लगाउने | सहजकर्ता - अबको क्रियाकलापको लागि म तपाईंहरूलाई मिथ्या खबरका दुई उदाहरणहरू दिनेछु। तपाईंहरूले ती खबर बनाएर फैलाउनुका कारणहरु सोच्नुपर्ने छ।<br><br>सहजकर्ता नोट: क्रियाकलाप राम्ररी बुझ्नका लागि यो कार्यपत्र हेर्नुहोस्।<br><br>हरेक उदाहरणमा छलफल गराउनका लागि प्रश्नहरू सोध्नुहोस्, अथवा दुइ फरक विचारलाई प्रस्तुत गरेर सहभागीलाई व्याख्या गर्न लगाउनुहोस्।<br><br>सहभागीले यो क्रियाकलापको दुइवटै तस्बिरमा छलफल गरिसकेपछि यसपछिको भाग समुहमा गरिनेछ भनेर भन्नुहोस्। |
| सामुहिक क्रियाकलाप<br><br>३५/७५ मिनेट | ठूलो समुहमा बोल्न अप्ठ्यारो मान्ने सहभागीलाई आफ्नो विचार राख्न हौसला दिन | आफ्नो स्क्रिन प्रस्तुत गरी यो क्रियाकलापको लागि प्रयोग गरिने लेख देखाउनुहोस्। सहभागीले आफ्नो विचार राख्ने मिरो बोर्डको क्षेत्र पनि देखाउनुहोस्। प्रक्रिया बुझाउनका लागि एउटा उदाहरण प्रस्तुत गर्नुहोस्।<br><br>बाकी तस्वीर र विवरण भएको गतिविधि शीटको लिंक साझा गर्नुहोस्। सहभागीलाई यी मिथ्या वस्तुहरू किन |

| | | |
|---|---|---|
| | सहभागीलाई आफ्नो विचारलाई स्पष्ट पार्न लगाउने | फ़ैलाइए भन्ने कुरामा छलफल गर्न लगाउनुहोस्। यसको लागी सबैलाई २० मिनेट दिनुहोस्। क्रियाकलाप सुरु गर्नुअघि सहभागीलाई आफ्नो समुहमा सक्रिय रुपमा छलफल गर्न निर्देशन दिनुहोस्।<br><br>सहजकर्तालाई नोट: क्रियाकलाप सम्बन्धी सहयोगका लागि यो कार्यपत्र हेर्नुहोस्।<br><br>क्रियाकलाप सकिएपछि हरेक समूहबाट एक प्रतिनिधिलाई आफ्नो समुहमा आएका विचारहरू प्रस्तुत गर्न लगाउनुहोस्। हरेक समूहले यसका लागि २ मिनेट पाउनेछ। |
| अन्तरक्रिया र समापन<br><br>१५ /९० मिनेट | सहभागीलाईयो कार्यशालामा आफ्नो सोचाइ कसरी बदलियो भन्ने सोच्न लगाउने<br><br><br>कार्यशालाका मुख्य बुँदाहरूमा जोड दिने | रिफ्लेक्सन स्लाइड प्रस्तुत गर्नुहोस् र सहभागीलाई तलको वाक्य पुरा गर्न लगाउनुहोस्।<br><br>मैले सोच्ने गर्दथें . . . र म अब सोच्छु . . .<br><br>सहजकर्तालाई नोट: यो क्रियाकलाप राम्ररी बुझ्नका लागि यो कार्यपत्र हेर्नुहोस्। यो गतिविधिका लागि  मिरो बाहेक अन्य माध्यमहरु को उपयोग गरी गर्न सकिन्छ।<br><br>प्रमुख बुँदाहरूका रुपमा तलको जानकारी भएको स्लाइड प्रस्तुत गर्नुहोस्:<br><br>• समाजलाई गिराउन फ़ैलाइने भ्रम<br>• आफ्नो आर्थिक फाइदाको लागी फ़ैलाइने भ्रम<br>• कमजोर पत्रकारिताले फैलाएको भ्रम<br>• राजनीतिक कारणले सत्य-तथ्य माथि लगाइने पर्दा<br>• आआफ्नो विचारधाराका कारण तथ्यमाथिको फरक दृष्टिकोण<br>• प्यारोडीलाई नबुझ्नाले<br><br>सहभागीलाई यो जानकारी शिव वैद्यनाथनको किताब **Antisocial Media**बाट लिइएको कुरा बताउनुहोस्। सहभागीलाई आजको कार्यशालामा हेरिएको एउटा उदाहरणलाइ कुनै एउटा कारणसंग मिलाउन भन्नुहोस्।<br><br>कार्यशाला टुंग्याउने क्रममा सहभागीलाई गलत खबरहरूले डिजिटल संसार प्रदुषित गरेको कुरा बताउनुहोस। एउटा सक्षम डिजिटल नागरिकसंग मिथ्या खबरलाइ चिन्ने ज्ञान र साधनहरू हुन जरुरी छ भनेर बताउनुहोस। |